## २०७७।६।१४ को ६६ औं नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु

१, सुरक्षित एकिकृत वस्ती विकास कार्यक्रमबाट निर्माण गर्ने भवनका सम्वन्धमा

२, घर नक्सा पास/अभिलेखीकरण गर्ने सम्वन्धमा

३, आाारभूत स्वास्थ्य केन्द्र भवन निर्माण सम्वन्धमा

४, भाटभटेनी चोकदेखि बारकोल वेलस्वारा जाने सडक विस्तार गर्ने सम्वन्धमा

५, तलवी प्रतिवेदन पारित गर्ने सम्वन्धमा

६, वाढी पहिरोबाट क्षति पुग्न गएका खानेपानी ,सिंचाइ कुलो, सडक मर्मत सम्वन्धमा

७, कृषि घांसको विउ प्रशोधन तथा सेवा केन्द्र भवन निर्माण सम्वन्धमा

८, निजी जग्गा खेतीयोग्य बनाउन इजाजत दिने सम्वन्धमा

९, १३ नं. वडा कार्यालय सम्पन्न गर्नका लागि थप वजेट व्यवस्था गर्ने सम्वन्धमा

१०, कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा

११, झोलुङ्गे पूल निर्माण सम्वन्धमा

निर्णय नं. १,

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा सुरक्षित एकिकृत वस्तीविकास कार्यक्रम वडा नं. २,१३,१५,१७ का लागि विशेष अनुदान शीर्षकमा संघीय सरकारबाट १ करोड रुपैया प्राप्त हुन आएकोमा ४१ वटा घरहरु निर्माणका लागि बोलपत्र हुंदा उक्त रकमबाट नपुग हुने रकम हालको अवस्थामा यस कार्यालयबाट उपलव्ध गराउन नसकिने देखिएकोले सोही शीर्षकमा थप रकम प्राप्त हुन आएमा तोकिए अनुसारका थप घरहरु निर्माण गर्नेगरी हाल उपलव्ध विशेष अनुदान अन्तरगतको रकमबाटसम्पन्न हुनसक्ने घरहरुमात्र निर्माणगर्ने गरी बोलपत्रदातासंग संझैता गर्ने निर्णय गरियो ।

निर्णय नं. २,

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका अधिकांश स्थानहरुमा नगरपालिका कार्यान्वयन हुनु पूर्व निर्माण भएका भौतिक संरचनाहरुको नक्सापास/अभिलेखीकरणका लागि यस अघि सूचना प्रकाशित गरिएकोमा सवै भौतिक संरचनाहरु अभिलेखीकरणको दायरामा आइ नसकेको र यसै बीचमा कोरोना भाइरस जस्तो महामारीले हरेक कामकाज संचालनमा कठिनाइ पारेकोले उक्त कार्यलाइ निरन्तरता दिइ आगामी २०७७चैत्र मसान्त सम्मका लागि म्यादथप गरी सोही अवधिमा नक्सापास/अभिलेखीकरण हुने व्यवस्था मिलाउने गरी वस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं. ३,

नेपाल सरकारको अनुदान सहयोगमा प्रत्येक वडाहरुमा नगर स्वास्थ्य केन्द्र स्थापना गरी सबै नगरवासीहरुलाइ स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रम अनुसार यस नगर क्षेत्रका सबै वडाहरुमा नगरपालिकाको स्रोतबाट जग्गा खरिद गरी आफ्नै जग्गामा स्वास्थ्य केन्द्र भवन निर्माण गर्न संभावना नदेखिएकोले यस नगरपालिका अन्तरगत ४ नं. वडाका दशकौं देखि बसोवास गरीआएका भूमिहिन अति विपन्न समुदायका व्यक्तिहरुलाइ समेत पायक पर्ने स्थानमा स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि अमरज्योति समुदायिक वन क्षेत्रको शान्ति डांडाको खाली जग्गामा नगर स्वास्थ्य केन्द्र भवन निर्माण सम्वन्धी कार्य संचालनका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४,

प्रस्ताव नं.४ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रको वडा नं. १६-१७ मा पर्ने भाटभटेनी चोकदेखि बारकोल वेलस्वारा जाने सडक विस्तार गरी कालोपत्रे गर्ने संघीय सरकारवाट प्राप्त समपुरक अनुदानबाट संचालित योजना रहेकोमा उक्त सडक सामुदायिक वनको क्षेत्रवाट विस्तार गर्नुपर्ने र उक्त सडक बाहेक अन्य ठाउंबाट ग्रामिण पिछडिएको वस्तीका स्थानीय दलित तथा जनजातीसमुदायहरुवाट उत्पादन हुने कृषि तथा पशुपालन विक्रि वितरण तथा गाउं वजार गर्ने एकमात्र आवागमनको सडक भएको र सो सडक सुचारु गर्न वातावरणीय प्रभाव मुल्यांङ्कनलगायतका प्रकृया पूरा गरी सडक विस्तारका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस कार्यालय वा अन्तरगत निकायहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हरेक वर्ष तलवी प्रतिवेदन स्वीकृत गरेरमात्र तलव खुवाउनु पर्नेमा हालसम्म तलवी प्रतिवेदन स्वीकृत हुन बांकी रहेकोले प्रचलित कानूनको परिधिभित्र रही आ.व. २०७७/०७८ को तलवी प्रतिवेदन स्वीकृतिका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा हालैको अविरल वर्षाका कारण यस नगरपालिका क्षेत्रका विभिन्न वडाहरुमा वाढी पहिरोबाट क्षति पुग्न गएका खानेपानी योजना ,सिंचाइ कुलो, सडकहरु क्षत विच्छेदभइ तुरुन्त मर्मत गर्नुपर्ने अवस्थामा रहेका र त्यस्ता अति आवश्यक संरचनाहरु मर्मतका लागि यस नगरपालिकाको वजेटबाट मात्र संभावना नदेखिएकोले नेपाल सरकार, प्रदेश सरकार, खानेपानी,सिंचाइ तथा सडक कार्यालय लगायत सम्बन्धित निकायमा सिफारिस साथ पठाउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं. ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकारको अनुदान सहयोगमा यस नगर क्षेत्रमा घांसको विउ प्रशोधन तथा कृषि सेवा केन्द्र संचालनका लागि राय माग भइ आएकोमा कृषि विकास तथा सुधारका लागि यस नगरपालिका अन्तरगत वडा नं. १६ को कृषि तथा पशुसेवा केन्द्र रहेको हालको जीर्ण भवन भत्काइ सोही स्थानमा नै उक्त घांसको विउ प्रशोधन तथा कृषि सेवा केन्द्र भवन निर्माणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८,

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका जग्गा धनीहरुले जग्गा सम्याइ खेतीयोग्य बनाउने नाममा खोला किनाराका सार्वजनिक जग्गा समेत दोहन गरी प्राकृतिक स्रोत साधनको दुरुपयोग गरेको देखिन आएकोले आइन्दा देखि उक्त कार्य गर्दा सम्वन्धित जग्गा धनीले नापीको नक्सा, जग्गा धनी दर्ता प्रमाण पूर्जा, नागरिकताको प्रतिलिपि, चालु आ.व. को सम्पती कर/भूमिकर तिरेको प्रमाण लिइ सांध सधियारहरु समेतलाइ असर नपर्ने, प्राविधिकबाट तोकिए भन्दा बढी खडल पार्न नपाउने,जग्गा खेतीयोग्य बनाउने सिलसिलामा आवादी जग्गा समेतमा खोला किनाराबाट कम्तीमा १०० मिटरको दुरी भन्दा बाहिरको जग्गा र सार्वजनिक जग्गा जोडिएको निजी आवादी जग्गामा समेत १०० मिटरको दुरी भित्रको जग्गामामात्र विपद व्यवस्थापन समितिको संयोजक, वडाका अध्यक्ष, सम्वन्धित वडाको प्राविधिक कर्मचारी, आवश्यकता अनुसार अमिन कर्मचारी समेत रहेको समितिको सिफारिसमा तोकिएको अवधि भित्र जग्गा खेतीयोग्य बनाउने गरी इजाजत दिने । उक्त कार्यगर्दा उत्पादन हुन सक्ने ढुङ्गा,ग्राभेल,माटो जस्ता वस्तुहरु तोकिएको दररेट अनुसार ढुवानी कार्यमा दुरुपयोग नहुने व्यवस्था मिलाइ सम्वन्धित वडा कार्यालयमार्फत नगदी रसिद को माध्यामबाट दस्तुर संकलन गर्ने कार्यलाइ कडाइका साथ पालना गर्ने । अनुगमनका बखत कोही कसैबाट सार्वजनिक,ऐलानी,पर्ती जग्गामा उत्खनन गरेको र प्राविधिकबाट तोकिए भन्दा बढी भू-क्षेत्रमा गहिराइ पारी उत्खनन गरेको देखिन आएमा कानून बमोजिम कारवाहीका लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने र सार्वजनिक जग्गा वा नदी,खोला, खोल्सावाट संकलन गर्न सकिने नदी जन्य प्राकृतिक स्रोत साधनका हकमा कार्यविधि तयार गरी कार्यविधिमा व्यवस्था भएअनुसार गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ९,

प्रस्ताव नं ९ उपर छलफल गर्दा वडा नं. १३ को वडा कार्यालय भवन निर्माण तथा संचालनमा ल्याउनका लागि थप बजेट व्यवस्था गर्नुपर्ने देखिन आएकोले उक्त कार्यका लागि विभिन्न वडाको वडा गत तथा नगरस्तरीय योजनामा संझौता बमोजिम कार्य सम्पन्नको आधारमा रकम भुक्तानीका लागि विनियोजित भएको रकम मद्धेबाट उक्त वडा कार्यालय संचालनमा ल्याउन तत्काल अतिआवश्यक पर्ने कार्यमा मात्र खर्च गर्ने गरी प्राविधिकको सिफारिस तथा कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा रकम भुक्तानी दिने निर्णय गरियो ।

पूर्ण कुमार ...
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १०,

प्रस्ताव नं १० उपर छलफल गर्दा विधान समितिबाट सिफारिस भइ आएको "लैङगिक हिंसा निवारण कोष कार्यविधि २०७७" स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. ११,

प्रस्ताव न ११ उपर छलफल गर्दा HICODEF वाट दुईवटा पुलको DPR तयार गरी TBSU/HELVETAS चेकजाँच भई स्वीकृतिको लागि पेश भएकोले उक्त दुईवटा झोलुङ्गे पुलको DPR स्वीकृत गरी वडा नं.१५ को नारायणी घोलमाथिको झोलुङ्गे पुल निर्माण सम्वन्धी प्रकृया अगाडि वढाउने र थप बजेट व्यवस्था हुनासाथ वडा नं. ५ र १६ जोड्ने बगाहा खोला माथिको झुलुङ्गे पुल निर्माणको प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

पूर्ण कुमार
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner